## मिति २०७८/०९/०१गते बिहिबार ११५ औं कार्यपालिका बैठक

प्रस्तावः

१. अघिल्लो कार्यपालिका बैठकका निर्णय समिक्षा सम्बन्धमा ।
२. कुसुण्डा भाषाको कक्षा सञ्चालनका लागि वजेट व्यवस्थापन सम्बन्धमा ।
३. चोक नामाकरण सम्बन्धमा ।
४. राहत उपलब्ध गराउने सम्बन्धमा ।
५. आर्थिक सहयोग सम्बन्धमा ।
६. कार्यविधि मापदण्ड तथा नीति पारित सम्बन्धमा ।
७. सिमेन्ट फुटपाथ हटाउने सम्बन्धमा ।
८. विद्युत पोल सार्ने सम्बन्धमा ।

**निर्णय नं. १**

घोराही उपमहानगरपालिका नगरकार्यपालिकाको अघिल्लो बैठकले गरेका निर्णय कार्यान्वयनको अवस्थाबारे समिक्षा गरियो । निर्णय कार्यान्वयनको अवस्था सन्तोषजनक रहेकोले आगामी दिनमा समेत निर्णय कार्यान्वयनलाई थप प्रभावकारी बनाउने ।

**निर्णय नं. २**

भाषा आयोगले कुसुण्डा भाषाको प्रारम्भिक र दोस्रो चरणको भाषा कक्षा सञ्चालन भई सम्पन्न भईसकेको आ.व. २०७८/०७९मा तेस्रो चरणको भाषा कक्षा सञ्चालनका लागि नेपाल सरकारबाट प्राप्त रकम अपुग भएकोले भाषा कक्षा सञ्चालनका लागि सहकार्य आवश्यक भएको भनि भाषा आयोगको च.नं. ९३ मिति २०७८।०८।०३ को पत्रबाट अनुरोध भई आएकोले आयोगबाट माग भए बमोजिमको रकम रु. ९५०००।– घोराही उपमहानगरपालिकाको विविध कार्यक्रम शीर्षकबाट सहयोग स्वरुप उपलब्ध गराउने ।

**निर्णय नं. ३**

घोराही उपमहानगरपालिका वडा नं. १३ स्थित सुविधा टोल विकास संस्था अन्तर्गत पर्ने गणेश प्रसाद रोका मगरको घर अगाडी ढाङढुङ गणेश चोक निर्माणका लागि सहमति प्रदान गरिदिनुहुन भनि मिति २०७८।०८।०३ गते बसेको १३ नं. वडा कार्यालयको वडा समितिको बैठकको निर्णय सहित १३ नं. वडा कार्यालयको च.नं. १६१८, मिति २०७८।०८।१७ गतेको सिफारिस भई आएकोले उक्त स्थानमा ढाङढुङ गणेश चोक नामाकरणका लागि अनुमति दिने ।

**निर्णय नं. ४**

४.१ घोराही उपमहानगरपालिका १६ नं. वडा कार्यालयको च.नं. ६०००, मिति २०७८।०८।२६ को सिफारिस पत्रको आधारमा यस उपमहानगरपालिका वडा नं. १६ बस्ने रमेश बहादुर कवरको श्रीमती राधा कवरको मिति २०७८।०५।१६ गते सिस्ने खोलामा आएको बाढीले गाडी सहित बगाउदा मृत्यू भएको हुँदा मृतकको परिवारलाई घोराही उपमहानगरपालिकाको नगर स्तरीय स्थानीय विपद व्यवस्थापन कोषबाट खर्च हुने गरी रु. २५०००।– (पच्चीस हजार) राहत स्वरुप उपलब्ध गराउने ।

४.२ घोराही उपमहानगरपालिका स्थित शिखर टोल निवासी मिन बहादुर पुनको पुरानो घर मिति २०७८।०८।०३ गते भत्काउने क्रममा माथिल्लो तलाको गाह्रो भत्किन गई निम्न व्यक्तिहरु पुरिएर घाइते भएकोले घाइतेहरुलाई उपचार खर्च उपलब्ध गराइदिनुहुनका लागि ६ नं. वडा कार्यालयको च.नं. ७८९, मिति २०७८।०८।१३ गतेको सिफारिस पत्रसाथ अनुरोध भई आएकोले घाईतेहरुलाई घोराही उपमहानगरपालिकाको नगर स्तरीय स्थानीय विपद व्यवस्थापन कोषबाट खर्च हुने गरी तपसिल अनुसार राहत रकम स्वरुप उपलब्ध गराउने ।

**घाइतेहरु**

| **सि.नं.** | **घाईतेहरु नाम** | **सहयोग रकम रु.** | **कैफियत** |
|---|---|---|---|
| १ | पिम बहादुर सुनार<br>घोराही उपमहानगरपालिका वडा नं. ६ फचकपुर | २५०००।- | |
| २ | किरण चौधरी<br>घोराही उपमहानगरपालिका वडा नं. ६ गुरुवागाँउ | ७०००।- | |
| ३ | कमल थापा<br>घोराही उपमहानगरपालिका वडा नं. ६ शिखर टोल (बेरुवागाउँ) | ७०००।- | |

**निर्णय नं. ५**

घोराही उपमहानगरपालिकामा तपसिल बमोजिमका संघ संस्थाहरुबाट आर्थिक सहयोग माग भई आएकोले घोराही उपमहानगरपालिकाको तपसिल अनुसारको खर्च शीर्षकबाट आर्थिक सहयोग उपलब्ध गराउने ।

<u>तपसिलः</u>

| सि.नं. | संघ /संस्था/कार्यक्रम | सहयोग रकम रु. | भुक्तानी शीर्षक | कैफियत |
|---|---|---|---|---|
| १ | प्रगतिशील लेखक संघ, नेपाल | २०,०००।- | अन्य संस्था सहायता | स्थापना दिवसको व्यवस्थापनका लागि |
| २ | प्रेस चौतारी नेपाल, दाङ शाखा | ५०,०००।- | अन्य संस्था सहायता | जिल्ला अधिवेशनका लागि |
| ३ | रासि साहित्य परिषद, घोराही, दाङ | १५,०००।- | अन्य संस्था सहायता | वार्षिक साधारण सभा तथा अधिवेशन कार्यक्रमका लागि |
| ४ | नेपाल व्यवसायिक बाख्रापालक महासंघ, जिल्ला समिति, दाङ। | १०,०००।- | अन्य संस्था सहायता | अधिवेशनका लागि |

**निर्णय नं. ६**

घोराही उपमहानगरपालिकाको कार्यपालिका बैठकमा पेश भएका तपसिल बमोजिमका कार्यविधि, मापदण्ड, नीति पारित गर्ने ।

| सि.नं. | कार्यविधि/मापदण्ड/नीति | पेश गर्ने शाखा |
|---|---|---|
| १ | पालिका अस्पताल तथा स्वास्थ्य संस्थाहरु तथा संचालन व्यवस्थापन कार्यविधि २०७८ | जनस्वास्थ्य प्रबर्द्धन शाखा |
| २ | कोभिड १९ महामारीको अवस्थामा कार्यालयबाट सेवा प्रवाह गर्दा पालना गर्नुपर्ने मापदण्ड २०७८ | जनस्वास्थ्य प्रबर्द्धन शाखा |
| ३ | घोराही उपमहानगरपालिकाको स्वास्थ्य नीति २०७८ | जनस्वास्थ्य प्रबर्द्धन शाखा |
| ४ | सुशासन नीति २०७६ | सार्वजनिक सेवा तथा क्षमता विकास समिति |

**निर्णय नं. ७**

घोराही उपमहानगरपालिका वडा नं. १४ र १५ स्थित झिगौरा आश्रम टोल विकास, नयाँवस्ती आश्रम टोल र शान्ति नगर टोल हुँदै हाल रहेको हापुर फिडरबाट संचालन भएको ११/०.४०० के.भि. वितरण लाईन बजार फिडरबाट संचालन गर्नुपर्ने भएकोले उक्त स्थानमा रहेको सडकको दायाँबायाँ रहेको फुटपाथको छेउमा विद्युत पोल गाडनु पर्ने भएकोले उक्त स्थानमा पर्ने सिमेन्ट फुटपाथ हटाइदिनुहुन भनि नेपाल विद्युत प्राधिकरण घोराही वितरण केन्द्रको च.नं. ३५६, मिति २०७८।०८।१६ गतेको प्राप्त पत्रबाट अनुरोध भई आएकोले उक्त स्थानको सिमेन्ट फुटपाथ हटाउनको लागि प्राप्त लागत अनुमान रु. ५३,०००।– (त्रिपन्न हजार) देखिएकाले उक्त रकम घोराही उपमहानगरपालिकाको अन्य संस्था सहायता शीर्षकबाट भुक्तानी हुने गरी कार्य अगाडी बढाउन नेपाल विद्युत प्राधिकरण, घोराही वितरण केन्द्र, घोराही दाङलाई अनुरोध गर्ने ।

**निर्णय नं. ८**

घोराही उपमहानगरपालिका वडा नं. ८ स्थित बनगाउँ टोल विकास संस्थाको चौधरी गाउँमा भवन डिभिजन कार्यालयबाट टेण्डर प्रक्रिया भई कालो पत्रे काम भैरहेकोमा उक्त क्षेत्रमा ३ वटा तार सहित बिजुलीका पोल बाटोमा परेको हुँदा उक्त पोल सार्नको लागि नेपाल विद्युत प्राधिकरण घोराही वितरण केन्द्र घोराही दाङबाट प्राप्त लागत इष्टिमेट सहित ८ नं. वडा कार्यालयको च.नं. ९८२, मिति २०७८।०८।०८ गतेको सिफारिस पत्रसाथ अनुरोध भई आएकोले घोराही उपमहानगरपालिकाको अन्य संस्था सहायता शीर्षकबाट भुक्तानी हुने गरी उक्त पोल सार्नका लागि नेपाल विद्युत प्राधिकरण घोराही वितरण केन्द्र घोराही दाङलाई अनुरोध गर्ने ।